कीर्तिपुरको चित्रण

# कीर्तिपुर सन्देश

KIRTIPUR SANDESH WEEKLY

साप्ताहिक

वर्ष ४ अंक २९ (संयुक्तांक १८३) ने. सं. ११३५ सिल्लागा अमै बुधवाः २०७१ फागुन ६ गते बुधवार (Feb-18, 2015) पृष्ठ ८ मूल्य रु.५/-

## पहिचानको आधारमा प्रदेश निर्माण आन्दोलनका लागि

# 'एक हप्ताभित्र सबै उत्पीडित समुदाय एउटै मोर्चामा'



**कीर्तिपर सन्देश साप्ताहिक/**

पहिचानको आधारमा प्रदेश निर्माण गर्नुपर्ने माग राखी आन्दोलन गर्दै आएको नेपाल आदिवासी जनजाति राष्ट्रिय आन्दोलन नेपालले अबको आन्दोलन निर्णायक आन्दोलनको रुपमा विकास गर्न उत्पीडित सबै समुदायलाई एउटै मोर्चामा सहभागी गराउने भएको छ।

एक हप्ताभित्र उत्पीडित समुदाय दलित, मधेसी, मुस्लिम र खस राष्ट्रिय संयुक्त संघर्ष समिति समेत सहभागी हुने आदिवासी जनजाति राष्ट्रिय आन्दोलन नेपालका संयोजक पद्मरत्न तुलाधरले कीर्तिपुर सन्देश साप्ताहिकसंग कुरा गर्दै बताउनु भएको छ।

उहाँले नयाँ चरणको संघर्षका कार्यक्रमहरु निर्माण गर्ने सवालमा पनि मधेसी, दलित, मुस्लिम, खस राष्ट्रिय संयुक्त संघर्ष समितिका प्रतिनिधिहरु सहभागी भएको र एक हप्ताभित्रै आ आफ्नो मोर्चामा छलफल पश्चात एउटै मोर्चा बनाउने र निर्णायक आन्दोलन गर्ने समेत बताउनु भएको छ।

यसै बीच ३० दलीय गठबन्धनको नेतृत्व गर्दै आएको एकीकृत माओवादीले पहिचानको आधारमा संघीयता निर्माण सवालमा १० प्रदेशको ठाउँमा दुई दुई वटा समुदायको एउटै प्रदेश (जस्तो नेवाः र ताम्सालिङ प्रदेश) बनाउने सवालमा सहमति गर्न लागेको भन्ने कुरा बाहिर आएपछि आफूहरुले एकीकृत माओवादीका अध्यक्ष प्रचण्डलाई भेटी कुनै पनि हालतमा पहिचान सहितको १० प्रदेशवाट तल नजाने प्रतिबद्धता ब्यक्त गरेको समेत तुलाधरले बताउनु भएको छ।

प्रचण्डले १० प्रदेश भन्दा केहि फरक ढंगवाट सहमति गर्नुपर्ने अवस्था आएमा सरोकारवाला आदिवासी जनजाति राष्ट्रिय आन्दोलन नेपाल र ३० दलीय गठबन्धनमा निर्णय नगरिकन आफ्नो पार्टीमा मात्र निर्णय नगर्ने प्रतिबद्धता समेत प्रचण्डले जाहेर गरेको कुरा पनि तुलाधरले बताउनु भएको छ। यसैवीच आदिवासी जनजाति राष्ट्रिय आन्दोलन नेपालको

## जनजाति आन्दोलनमा खस समुदाय समेत सहभागी भएपछि कांग्रेस र एमालेका नेताहरुलाई चिन्ता

पहिचान सहितको संघीयताको आन्दोलनमा खस समुदायका अगुवाहरु र मोर्चाहरु समेत सहभागी भएका कारण कांग्रेस र एमालेका नेताहरुलाई चिन्ताको विषय बनेको छ।

खस समुदायका मोर्चाहरुले समेत आफूहरुलाई भौगोलिक रुपंमा उत्पीडनमा पारिएको कारण पहिचानको आधारमा खसान प्रदेश निर्माण गर्नुपर्ने माग गर्दै आन्दोलनमा आएका छन्।

खस समावेशी राष्ट्रिय पार्टी आदिवासी जनजाति आन्दोलनमा नै रहेको र अब फेरी खस राष्ट्रिय संयुक्त संघर्ष समिति पनि आउन लागेको कुरा सार्वजनिक भएपछि एमाले र कांग्रेका नेताहरुलाई चिन्ता हुन थालेको थाहा भएको छ।

## लाठी सहितको युवा मार्चपास गरिने

आदिवासी जनजाति राष्ट्रिय आन्दोलन नेपालले आन्दोलका स्वरुपहरु परिवर्तन गर्दै आएको छ। यसै क्रममा आउदो फागुन १४ गते बसन्तपुरवाट लाठी सहितको मार्च पास गरि संविधनसभा भवन रहेको नयाँ बानेश्वरमा जाने भएको छ। त्यसै गरि २२ गते उपत्यकाको रिङरोडमा मार्चपास गर्ने भएको छ। सो आन्दोलनले घोषणा गरको नयाँ आन्दोलनका कार्यक्रम अनुसार फागुन २७ गतेवाट काकटभिट्टा र कन्चनपुरवाट पहिचान यात्रा गर्ने भएको छ। त्यसै गरि पोखरामा चैत्र ६ गते र काठमाण्डौंमा ७ गते समापन सभा गर्ने निर्णय गरेको छ। फागुन १६ गते राजधनीमा ३० दलीय गठबन्धनले गर्ने प्रदर्शनमा समेत आदिवासी जनजातिहरु आफ्नो ब्यानर सहित सहभागी हुने भएको

कोरीया रोजगारीको लागी तयारी कक्षाहरु सञ्चालन

समयमै तयारीमा लागौं मेहनतमा भर परौं, भ्रममा नपरौं

तपाईको मेहनत नै १००% ग्यारेन्टि पास

कोरीयन भाषा

विहान, दिउँसो र साँझ

**विशेषताहरु :**

- दैनिक ३ घण्टा EPS-Topic परीक्षाको लागि तयारी कक्षा Dictation, Listening & Reading Test र हरेक दिन Class Test र विद्यार्थीहरुको प्रगति विवरण चुस्त दुरुस्त राखी आवश्यक सरसल्लाह, अतिरिक्त कक्षाहरु तथा पाठ्य ससससामग्रीहरुको राम्रो व्यवस्था गरिने।
- Books/CDs हरुको राम्रो व्यवस्था साथै Audio/visual,Exercise and Question Books को व्यवस्था।
- EPS-TOPIK को परीक्षालाई मध्येनजर गरी परीक्षामा विद्यार्थीहरुलाई सामना गर्नु पर्ने सम्भावित समस्याहरुलाई सम्बोधन गर्ने गरी हरेक हप्तामा छुट्टै Weekly Model Tests पनि लिइने।
- नियमित परीक्षाहरुको माध्यमबाट विद्यार्थीहरुको स्तर छुट्याई सोही अनुरुपको विशेष कक्षाहरुको व्यवस्था गरिने। त्यसमा पनि कमजोर विद्यार्थीहरुले Supporting Class अनिवार्य रुपमा लिने व्यवस्था।
- EPS-Topic, Skill Test तथा CBT को पनि कक्षाहरु धमाधम सञ्चालन।
- प्रशिक्षकहरु दक्ष, अनुभवी पुस्तक अनुवादक साथै विगतका वर्षहरुमा विद्यार्थीहरुलाई सर्वाधिक उत्तीर्ण गराउन सफल।
- Korea मा पढ्न जान चाहनेहरुको लागि पनि उचित परामर्श साथै Korea जान Tourist Visa को पनि उचित परामर्श र Vocational/Job को बारेमा उचित परामर्श।

Valley Institute Kirtipur

NEAR KIRTIPUR NEW GATE Ph: 01-4332509

विश्वमै तहल्का मचाएका Xiaomi Mi MOBILES

नेपालको लागी आधिकारीक विक्रेता

अब नेपालमा ONLINE मार्फत बिक्री बितरण

Online बाट किन्दा फाइदा के ?

Importer ले Distributer र Retailer लाई दिने फाइदा अब सोझै ग्राहकलाई




MOBILAND ELECTRONIC

मोविल्याण्ड ईलेक्ट्रोनिक प्रा. लि.

कीर्तिपुर-१७, बाहिरी गाउँ (नेपाल टेलिकमसँगै)

शाखा कार्यालय महाराजगंज, नारायणगोपाल चोक

फोन नं. ०१४३३४२३५, ०१४३३२०५७

कानुनी सल्लाहकार
ज्ञानबहादुर महर्जन
प्रकाशक
नजरराम महर्जन
(९८४१४०१०७७)
सम्पादक
श्रीकृष्ण महर्जन
प्रवन्धक
निरजमान सिंह

व्यवस्थापन
भरत महर्जन
वेभसाइट व्यवस्थापन
राज श्रेष्ठ
प्रेसः शर्मीला प्रिन्टर्स, डल्लु, काठमाण्डौं
कार्यालयः निखासी टोलः कीर्तिपुर नपा-३
फोन नं.: ४३३३००७
kirtipur_sandesh@live.com
http://kirtipursandesh.blogspot.com

काठमाण्डौं जि. प्र. का दर्ता नं. २११ –२०६७/०६८

## सम्पादकीय

# सत्तापक्ष र विपक्ष दुबैको चासोको दिन फागुन १६

**आउदो फागुन १६ गते आन्दोलनर ३० दलीय गठबनधनका लागि अत्यन्तै महोत्वपूर्ण दिन बनेको छ। आफूहरुले उठाएको पहिचान सहितको संघीयता, सहमतिवाटै संविधान निर्माणको मुद्दामा दुई लाख जनता राजधानीमा ल्याई शक्ति प्रदर्शन गर्ने तयारी गरेका कारण ती विपक्षी दलहरुको गठबधनलाई महत्वपूर्ण दिन हुने स्वाभाविक नै हो। विपक्षी दलहरुलाई मात्र नभई अहिले आएर वर्तमान सरकारको नेतृत्व गरिरहेका राजनीतिक दल कांग्रेस र एमालेको लागि पनि फागुन १६ गते चासोको विषय बनेको छ।**

**विपक्षी दलहरुले जुन ढंगवाट आफूहरुको मुद्दालाई जनताले साथ दिने दावी गर्दै आइरहेको र शक्ति प्रदर्शनको रुपमा लिएका कारण सो दिनमा कतिको जनता सडकमा आउने हो त्यसको आधारमा आफूहरुको रणनीति बनाउनका लागि सजिलो हुने भएका कारण सत्तापक्षले फागुन १६ गतेको दिनलाई चासो लिएको अवस्था छ।**

**यदि सो दिनमा साच्चै विपक्षीदलहरुले दुई लाख जनता सडकमा ल्याउन सफल भयो भने विपक्षीदलहरुले मागलाई सम्वोधन गर्ने प्रतिबद्धतासाथ वार्तालाई सत्तापक्षले अगाडी बढाउने अवस्था हुन्छ। सो दिनमा खुल्लामञ्च पनि भर्न सकिएन भने जनताले साथ नदिएको ठहर गरि फेरी सत्तापक्षले विपक्षीहरुलाई अझ कमजोर ठहर गरि संविधानसभावाट दुई तिहाई बहुमतको आधारमा संविधान निर्माण प्रक्रियालाई तिब्रता दिने र वार्तालाई बेवस्ता गर्ने संभावना रहन्छ। अतः आउदो फागुन १६ गतेलाई सत्तापक्ष र विपक्षको नजरवाट नै महत्वपूर्ण दिन बनेको छ।**

# गजल शौरभ शाक्यया

गजल-४९

जिन्दगी छ्गु खःखःगु थासय् पलाःछिना स्वः
लँय् पतुपंका दनाच्वंगु पंगः थःमं हे खिना स्व।

माया, मतिनाया खँ नुगसं चिइकेमते गुबसं
यःम्ह नापं सदां थःहे खनाः कुलिचिना स्व।

अन्याः अत्याः सहयायेगु बानी यायेमते जीवनय्
थःगु हक अधिकारया सःतइपिनि पं लिना स्व।

देश छ्गु नं खः स्यंगु स्वयाच्वने मज्यू तुलुतुलु
सुनां स्यंकाच्वन देश वइ छं लाखः पिना स्व।

ल्याय् हे माःसा देशं मभिं, मनिंत ल्यहँ थना ल्वाः
कुरिति, कुसंस्कार समाजं जगंनिसें हाकुतिना स्व।

# रक्सी पुराण

**डा.तुल्सीनारायण श्रेष्ठ**

यो रक्सीलाई लिएर यहाँ धेरै भनिरहनु नपर्ला। यो अधिकले चिनेको देखेको र चाखेको एउटा तरल पदार्थ हो। समाजम यसका विभिन्न नाउहरुबाट पनि प्रचलित छ, कसैले त्वाँत, कसैले वासः र कसैले अमृत जल पनि भन्ने गरिन्छ। यसको अधिक सेवनले समाजमा ल्याउने घटना, दुर्घटना, कलह, झैझगडा मात्र नभै कयौंको ज्यान पनि गएको छ र गैरहन्छ। सायद यसैको कारणले होला नेपाल सरकार ले मादक पदार्थ (मापसे) जाँच गरेर, दण्ड सजायँ गरेर यसको सेवनमा कमि ल्याई उपरोक्त समस्याहरु कमि गर्ने प्रयास गरिरहेको छ। रक्सीको उत्पत्तिबारे हाम्रो नीति पुराणमा एउटा चाखलाग्दो कथन प्रचलित छ। जुन यस्तो छ। हिन्दु धर्म अनुसार प्राणीको संहार यमराजले गर्छ। यमराजले बाँच्न पुगेका वा काल आएका मानिसहरुको प्राण हरण गर्न आफ्ना यमदुतहरु पठाउँछन्। यसदूतले सबै मिति पुगेकाहरुको प्राण हर गर्छ वा मरेकालाई यमलोक पुऱ्याउँछ। त्यसबेला याने सत्ययुगमा यमदुत पनि सबैले देखिने गरि आउँथ्यो। एकदिन एउटा ल्वाहारले यसैक्रममा आफ्नो आरन सात ढोकाहरु बनाएर आफूभित्र बसेर काम गर्न थाले। समयसाथ त्यो ल्वहारको मर्ने दिन पनि आयो। यमदूत आयो र भन्यो ल्वाहार भाइ यमराजले लिन पठायो जाउँ। ल्वाहारले यमदूतलाई चिन्यो अनि भने दिन आएपछि जानै पर्छ तर म एक पल्ट परिवार भेटेर आउँछु। यमदूतले पनि मर्न लागेको मान्छेको अन्तिम इच्छा पूरा गर्नु पर्ने ठानि हुन्छ छिटो गएर आउ भने। अनि ल्वाहारचाहिं हुन्छ म छिटो आउँछु हजुर यहीं राज होस भनि हिंडे। बाहिर आउँदा उसले आफूले यहि भविष्यलाई विचार गरेर बनाएको सात ढोकामा क्रमस भोटे ताल्चा मार्दै निक्ले। तर ऊ फर्केन। विचरा दूत भित्रै थुनिए। धेरै समयसम्म दूत फर्केर नआएपछि मान्छे मर्नै छाड्यो। दूत आउनै छोड्यो। अनि एक दिन यो समस्याको छलफल गर्न यमराज विष्णु भगवानकहाँ पुगे र यथार्थ बयान गरे। यमराजको कुरा सुनेर भगवान विष्णुले अन्तरध्यानले हेर्दा दूतलाई ल्वाहारले आफ्नो आरनमा थुनिराखेको पाए। अनि यमराजलाई यमदूत छिटो फर्केर आउँछ, जाऊ भनेर यमराजलाई बिदा गरे। सत्ययुग जवरजस्ती गर्न नहुने, मानव अधिकार पालन गर्नु पर्ने। अनि भगवान विष्णुले ल्वाहारलाई आफै बकाउन रक्सीको सृष्टि गरे। रक्सीले मात्तिने गरी ल्वाहारलाई खुवाएपछि ल्वाहारले सबै यथार्थ कुरा बके अनि स्वयं ल्वाहारले ताल्चा खोलेर यमदूतलाई स्वतन्त्र बनाए र साथमा आफू पनि गए। यसरी समाजमा रक्सी प्राप्त भयो र रक्सीले माते पछि सही साँचो बोल्छ भन्ने भनाई प्रचलित भए। यसरी सृष्टि भएको रक्सीको अधिक सेवनले समाजमा आफैमा के कति नराम्रो असर पर्छ के कति क्षति हुन्छ यसको बारे यहाँ संक्षिप्त चर्चा गरुँ।

हामीले सुनेको मात्र होइन देखेका पनि छौं, अधिक रक्सी अधिक समयसम्म पिएर कति मानिसहरु मरिसके र मरिरहेका छन्। कहिल काहीं मेथाइल स्पीरित वा मेथाइल अल्कोहल मिसाईएको रक्सी पिउँदा, पिउनेहरु एकैचोटि एकै समयमा धेरै मरेको उदाहरणहरु बराबर समाचार पत्रहरु पढ्न पाइन्छ। नेपालमा पनि हाल यस्तो स्पीरित मिसाएर रक्सी बनाउन थालिसक्यो। यस्तो रक्सी पिएर मरेको पनि समाचार आईसक्यो। यो मेथाइल स्पीरित एउटा विषालु पदार्थ हो। जुन रक्सी कडा पार्न फाइदा लिन मिसाउने गरिन्छ। पौराणीक यो कथाले पनि रक्सी आज मात्र होइन सत्ययुगमा पनि प्रचलन भएको छ भन्ने थाहा हुन्छ। त्यस्तै मानव समाजमा पनि रक्सी मानव सभ्यता सँगसँगै विकसित भएको मानिन्छ।

जति जति मानव सभ्यता विकसित हुँदै आयो। उतिउति नै रक्सीको प्रयोग बढीमात्रामा भएको पाइन्छ। आजकल दिनकै करोडौं करोड रुपैयाको रक्सी प्रयोग हुन्छ भनिन्छ। आजकल बरु खा सामाग्रीहरु नपाईएका रक्सीचाहिं अधिराज्यभरी जहाँ पनि सजिलै पाइन्छ। फेरी आजको समाजमा मानिसहरु सुखमा होस् या दुःखमा पीडामा होस या तनावमा रक्सी नै पिउने गरिन्छ। यसलाई एउटा सुखदुःखको साथीको रुपमा अपनाउने भैसकेको छ, जुन शत प्रतिशत गलत छ। त्यस्तै समाजमा पनि चाड पर्व गुठीगाना विहेवारी आदि आइरहने र खाने निहुँ पनि हुने।

अबत पुरुष हरु मात्र होइन महिलाहरुको पनि लट परिसकेको छ। फेरि आजकलको सिनेमाहरुमा पनि रक्सीको प्रयोग त्यस्तै त्यस्तै समयमा पिउने पिलाउने दृश्य समावेश हुनुको कारण पनि समाजमा यसको प्रयोग बढी भएको छ। सिनेमाको प्रत्यक्ष असर समाजमा पर्छ। त्यसैले सिनेमा बनाउनेहरुले पनि यसमा बिचार गर्नु पर्ने अबस्था आइसकेको छ। रक्सी चुरोटलाई प्रयोग गरी सिने कलाकार हरुलाई प्रस्तुत गर्न अव बन्देज नै लाउनु पर्ने अवस्था छ।

त्यस्तै फेरि नेवारी समाजमा पूजा आजा गुठीगाना बिहे ब्रतबन्ध आदि चाडपर्वहरुमा पनि रक्सीको प्रयोग अनिवार्य छ। सगुन लिंदा दिंदा, प्रसाद लिंदा दिंदा रक्सी प्रयोग हुन्छ। नखानेलाई पनि चाख्न बाध्य गरिन्छ। पछि बानि बसेर जान्छ। त्यसैले अब नेवारी समाजमा पनि यसको ठाउँमा अन्य नरम पेय पदार्थहरु प्रयोग गर्ने जमाना आईसक्यो।

जाँड, रक्सीको रुपमा वियर, सम, भोड्का, ह्विस्की, वाइन, रेड लेवल ब्लाक लेबल आदि इत्यादिलाई जनाउँछ, जुन के कति थरिका छन लेखेर साध्य हुँदैन। मुख्य कुरा यी पेय पदार्थहरुमा धेरै वा थोरै मात्रामा रक्सीको मात्रा होस अर्थात अल्कोहल वा इथानोल प्रयोग होस। सबै जाँड रक्सीहरुमा इथानोल हुन्छ। मात्रा वा प्रतिशत फरक हुन्छ। जस्तै :जाँड वियर, वाइन, जस्तामा कम प्रतिशत मात्र इथानो हुन्छ भने रन, जिन, भोडका, घरेलु रक्सीहरुमा बढी मात्रामा इथानोल हुन्छ। यही इथानोलको मात्राले शरीरमा असर पार्छ। मानिसहरुलाई कुन रक्सी कति खानुपर्छ भन्ने विभिन्न मानिसहरुका विभिन्न राय छ। तर सामान्यतयाः एउटा स्वस्थ मानिसलाई प्रति दिन तिन पेग अर्थात नब्बे मिलिलिटर सम्म रक्सी खाए पचाउन सकिन्छ भन्ने देखिएको छ। त्यसैले प्रति हप्ता एकाइस पेग हुन आउँछ। तर त्यसो भन्दैमा हप्ताको एकैचोटि एकै दिनमा एकाईस पेग खाने भनेको चाहिं होइन। त्यस्तै महिलाहरुलाई भने कम मात्र अर्थात् दिनको दुई पेग वा हप्ताको चौध पेग भनिएको छ। महिला र पुरुषहरुमा यसरी फरक पर्ने कारण प्राकृतिक हो। महिलालाई प्रकृतिले नै पुरुषभन्दा शारीरिक रुपमा कमजोर बनाई दिएको छ। दिनको वा हप्ताको यति मात्रामा मात्र रक्सी सेवन गरेमा स्वास्थ्य राम्रो रहिरहन्छ। रक्सीले बराबर असर गर्दैन तर यो नियम पनि सबैमा लागु नहुन सक्छ। शारीरिक संरचना सबैको एक नाश हुँदैन।

अधिक रक्सीको सेवनले शरीर र स्वास्थ्य मात्र बिग्रने होइन धनको पनि नाश हुन्छ। सम्पत्ति पनि सकिन्छ। घर वरिवारमा कलह झै झगडा हुन्छ। तनाव हुन्छ। असन्तोष हुन्छ। अधिक रक्सी सेवनले खास गरी कलेजो हो। जसको बिना मानिस बाँच्न सक्दैन। रक्सीमा पाइने इथायनोल खास गरी कलेजोका कोषहरुले पचाउने गर्छ। असर हीन बनाउने गर्छ। अनि निस्कासन चाहिं दिशा पिसाव र श्वास प्रश्वासबाट हुन्छ इथानोल पचे पछि एउटा रसायन बन्छ, त्यसलाई एसितल डिहाइडे भनिन्छ। यहि रसायनले कलेजोका कोषहरुलाई नष्ट पारिदिन्छ। कोषहरुमा पानी भर्छ, प्रोटिन र अक्सीजनको मात्रा कम हुन्छ। कलेजोको यो अवस्था हुँदा पनि रक्सी सेवन गरिरह्यो भने कलेजोले काम गर्न सक्दैन, कलेजो काम नलाग्ने हुन्छ। अनि थरि थरिका चिन्ह र लक्षणहरु देखा पर्छन्। यो लक्षण र चिन्हहरु देखा पर्नु पनि मानिसले कत्ति र कहिलेदेखि रक्सी खाइरहेको छ त्यसमा भर पर्छ। खासगरी तीस र चालीस र्षको बीचमा अक्सर देखा पर्छ। रक्सीले बिग्रेको कलेजो रोगलाई अल्कोहोलिक लिभर डिजिज भनिन्छ। हेपायटाइटिस पनि भनिन्छ।

यसमा खाना खान मन नलाग्ने, बान्ता हुने वाक वाक आउने ज्वरो आउने, जन्डिस देखा पर्ने, पेटमा पानी जमने जलग्रह हुने र शरीर सबै सुनेर पनि आउन सक्छ। त्यस्तै पेटमा छातिमा नीलो नशाहरु देखिने, माकुरोको जालजस्तो नशाहरु हुने आदि पनि देखिन्छ। अनि पछि विस्तारै स्मरणशक्ति कमजोर हुने, बेहोस हुने, ब्लड प्रेसर बढ्दै जाने आदि हुन थाल्छ। यस्ता हुँदा हुँदै मुखबाट, दिशाबाट रगत आउन थाल्यो भने ठूलो खतरा हुन्छ। रक्सी सेवन गर्दा रगतमा इथानोलको मात्रा ०.०३ प्रतिशत पुग्यो भने असर देखा पर्न थाल्छ। यस्तो अवस्थामा कुरौते हुन्छ, आनन्दको अनुभव गर्छ, फुर्ति आउँछ, मन प्रफुल्ल हुन्छ। जांगर बढ्छ। यो अवस्था पुगेपछि अब मात्रा पुग्यो भनि थाहा पाउनु पर्छ। तर अझ सेवन गर्दै गयो भने रगतमा इथानोलको मात्र ०.२ प्रतिशत पुग्यो भने बेहोस हुँदै जान्छ। चेतना कम हुन्छ, स्मरणशक्ति हराउँछ। आफूले भने गरेको केही थाहा पाउँदैन। थाहा नपाई पाइन्टमा पिसाव गर्न थाल्छ। दिशा पनि गर्न थाल्छ। यो अवस्था पुगेपछि मानिसलाइ अस्पताल लानु पर्छ। रगतमा इथानोलको मात्रा ०.५ प्रतिशत पुग्यो भने मानिस मर्छ। कुनै बेला रक्सीले बेहोस भएर स्मरणशक्ति हराएर कतै जाँ वा केही गर्दा कुनै बाटोमा वा पानीमा वा हिलोमा लडेर घोप्टो पऱ्यो भने, नाक बन्द भयो भने सास फेर्न सकेन भने निस्सासिएर पनि मर्छ। बेहोस भएको मान्छे निसासिंदा पनि यता उता चल्न सक्तैन। अनि थोरै पानीमा वा हिलोमा परेर पनि मर्न सक्छ। त्यस्तै चिसोमा परेर पनि मर्न सक्छ।

रक्सी भनेपछि कसैलाई अलिकति पिये पनि लाग्छ भने कसैले धेरै पचाउन सक्छ। यो बानिमा भर पर्छ। पिउँदै गएपछि शरीरले माग्दै जान्छ। अर्थात रगतमा इथानोलको मात्रा कम भएपछि फेरी खान मन लाग्छ, । नखाए छटपटि हुन्छ। यस्तो अवस्था पुग्यो भने आफै रक्सी छोड्न सक्तैन। औषधि उपचार गर्नु पर्छ। यस्तो अवस्थालाई अलकोहोल डिपेन्डेन्ट भनिन्छ। अर्थात रक्सीमा निर्भर भएको भनिन्छ। त्यस्तै अघिल्लो दिन धेरै रक्सी खाएर भोलिपल्ट शरीरमा पानी कम भएर ग्लुकोज कम भएर जिउ दुख्ने टाउको दुख्ने, थाकेको महसुस हुने आदि हुन सक्छ। कहिलेकाहीं चल्नै नसक्ने अवस्थाम पनि पुग्न सक्छ।

मानिसको शरीरमा कलेजोको मात्रा आधा किलो जति हुन्छ। यस मध्ये यसको दस भागको एक भाग मात्र पनि मानिसलाई बाँच्न पुग्छ। त्यसैले होस गर्नुस् तपाईंको कलेजो अझै बाँकी छ भने बाँच्नु हुन्छ रक्सी खान छोड्नुस। नेपालमा कलेजो फेर्ने, कलेजो प्रत्यारोपण गर्ने अपरेशन सफल भएको छैन। विदेशमा गएर फेर्न धेरै पैसा लाग्छ। साधारण मानिसको क्षमता बाहिरको कुरा हो। अतः यो रचना पढे पछि आफूले खाने गरेको छ भने छोड्नुस वा मात्रा मात्र खानुस अरुलाई पनि भन्नुस् बस !.

# विपद् व्यवस्थापन योजना मेला–२०७१ सम्पन्न



गत फागुण १ गते कीर्तिपुर को सामुदायिक खेलकुद मैदानमा आयोजित विपद् व्यवस्थापन योजना मेला – २०७१ को औपचारिक उद्घाटन काठमाडौं जिल्ला क्षेत्र नं.१० का निर्वाचित सभासद राजन के.सी.ले रिबन काटी उद्घाटन गर्नुभयो।

कीर्तिपुर नगरपालिकाका प्रमुख एवं कार्यकारी अधिकृत दिनेश प्रसाद थानीको सभापतित्वमा भएको उक्त कार्यक्रममा अक्सफामका श्रीभक्त बस्नेतले स्वागत मन्तव्य दिनु भएको थियो।

मेलाको उद्देश्य तथा परिचय लुमन्तीका सोबिना लामाले प्रस्तुत गर्नु भएको थियो।

कीर्तिपुर नगरपालिकाका १९ वटा वडा विपद व्यवस्थापन समितिहरुले तयार पारेका विपद व्यवस्थापन योजना प्रमुख अतिथिले नगरपालिकाका प्रमुखलाई हस्तान्तरण गरिएको थियो।

गृहमन्त्रालय विपद व्यवस्थापन शाखाका प्रमुख प्रदिपकुमार कोइराला, वातावरण तथा जनसंख्या संस्था (इन्फो) का डा. सुमनकुमार शाक्य लगायतले मन्तव्य दिनु भएको थियो।

उक्त कार्यक्रममा स्थानीय कलाकारहरुको न्यूजन ब्याण्डले संगित प्रस्तुत गर्नु भएको थियो। भूकम्पीय पूर्वतयारी सम्बन्धी प्रहसन भद्रगोलका कलाकार हरुले प्रस्तुत गरिएको थियो। त्यस्तै स्थानीय कलाकार सतिस महर्जन र राष्ट्रिय कलाकार सुगम पोखरेल पनि गित गाएर मनोरञ्जन प्रदान गरिएका थिए।बेलायत सरकारको आर्थिक सहयोग तथा अक्सफाम सँगको साझेदारीमा लुमन्ति आवासको लागि सहयोग समूहले कीर्तिपुर नगरपालिकामा "शहरी खानेपानी तथा सरसफाई पूर्व तयारी र समुदायमा आधारित विपद् जोखिम व्यवस्थापन परि योजना" सञ्चालन गरिरहेको जानकारी दिनु हुँदै सहभागी सबैलाई धन्यवाद दिंदै सभापति नगर प्रमुख दिनेश प्रसाद थानीले सभा विर्सन गर्नुभयो। त्यसपछि प्रमुख अतिथिले मेला स्टलको पनि उद्घाटन गर्नु भएको थियो। १९ वटै वडाका स्टलहरुको अतिरिक्त एन्फो, ललितपुर उपमहानगरपालिका र कीर्तिपुर महिला संजालले पनि स्टल राखी आफ्नो पूर्वतयारी का जानकारी गराईएको थियो।


१००% दुखाई निको पार्ने
पिडा मुक्त मालिस तेल




तुरुन्तै:
ढाड–कम्मर, हाडजोर्नी नसा र घुँडाको दुखाई चटक्कै निको पार्ने आयुर्वेदिक तेल

यो आयुर्वेदिक तेल किन्नेलाई एकपटक रक्तसंचार थेरापी सित्तैमा गर्न पाइन्छ।

फिटनेस प्वाइन्ट ट्रेडिङ्ग
नेपाल टेलिकमको ठिक अपोजित, बाहिरी गाउँ
०१–४३३६७०१, ९८०३५०२२५९
पसलमा बेच्नेलाई होलसेल मुल्यमा पनि पाईन्छ।





## होइन त ?

निरजमान सिंह

# नेवाः एफ एम १०६ दशमलब ६ व्यवस्थित गर्न विभिन्न ५ वटा समिति गठन



**कीर्तिपुर सन्देश साप्ताहिक**

नेपालभाषा एकेदेमिले कीर्तिपुरको न्यामासिमा क्षेत्रमा रहेको भवनवाट संचालन गर्दै आएको सामुदायीक एफ एम नेवाः एफ एम १०६ दशमलब ६ लाई अझ व्यवस्थित गरि संचालन गर्नका लागि सरोकारवालाहरुको एक भेलाले ५ वटा विभिन्न समितिहरु गठन गरेको छ।

कीर्तिपुरमा क्रियाशिल भएका संचारकर्मी र सामाजिक क्षेत्रमा क्रियाशिल ब्यक्तिहरुको पहलमा सो बैठक भएको हो। नेवाः पत्रकार राष्ट्रिय दबूका केन्द्रीय अध्यक्ष कीर्तिपुरका युवा पत्रकार श्रीकृष्ण महर्जनले संचालन गर्नु भएको सो बैठकमा स्टेशन मेनेजर शान्तराज शाक्यले एफ एमको हालको अवस्थाको विषयमा जानकारी गराउनु भएको थियो।

त्यसै गरि नेपालभाषा एकेदमि कार्य समितिका सदस्य नजरराम महर्जनले नेवाः एफ एम र एकेदमिको विषयमा आफ्नो विचार राख्नु भएको थियो। बैठकमा एफ एमका कार्यक्रम संचालकहरु नविन महर्जन र ओमकाजी ताम्रकारले आफूहरुले गरेका अनुभव सुनाउनुका साथ साथै समस्याहरुको विषयमा विचार राख्नु भएको थियो। त्यसै गरि कीर्तिपुरका पत्रकारहरु ज्ञानबहादुर महर्जन, ज्ञानकुमार महर्जन, नविन जोशीले संचार क्षेत्रमा नेवाः एफ एमको महत्व अझ बढाउनुपर्ने र नेवाः समुदायलाई सुसुचित गर्नका लागि महत्वपूर्ण भूमिका निर्वाह गर्नुपर्ने बताउनु भएको थियो। कीर्तिपुर गृहिणी महिला विद्यालयका प्रधानाध्यापक गंगादेवी महर्जनले नेवाः एम एम र कीर्तिपुरवासीका साथ साथै नेवाः समुदायको सम्वन्धको विषयमा आ-आफ्नो विचार राख्नु भएको थियो।

नेपालभाषा एकेदमिका चान्सलर डा. सत्यमोहन जोशीको निर्देशन अनुसार गत शनिवार नेपालभाषा एकेदेमि न्यामासिमाको भवनमा बसेको बैठकले विभिन्न समिति गठन गरेको हो। सो बैठकले नेवाः एफ एमको नीति निर्माण गर्नका लागि नेपालभाषा एकेदेमिका कार्यकारी समितिका सदस्य नजरराम महर्जन र एफ एमका स्टेशन मेनेजर शान्तराज शाक्य सदस्य रहेको नीति निर्माण समिति गठन गरेको छ। त्यसै गरि एफ एमको प्रशासन र बजार सम्वन्धि नीति निर्माण गर्ने जिम्मेवारी ज्ञानकुमार महर्जन र रत्नमान महर्जनलाई दिइएको छ। सो बैठकले स्थानीय निकाय र सामाजिक क्षेत्रसंग समन्वय गर्नका लागि नविन जोशी र गंगादेवी महर्जन सदस्य रहेको समिति बनाइएको छ।

बैठकले जनशक्ति निर्माण र कर्मचारी व्यवस्थापन सम्वन्धि नीति तयार गर्नका लागि ज्ञानबहादुर महर्जन र नविन महर्जन रहेको एक समिति गठन गरेको छ भने एफ एम.मा संचालन हुने कार्यक्रमको नीति निर्माण गर्न श्रीकृष्ण महर्जन र ओमकाजि ताम्राकारलाई चयन गरिएको छ। ती विभिन्न समितिहरुले एक महिनाभित्र नै आ-आफ्नो प्रतिवेदन तयार गर्ने समेत निर्णय गरेको थियो। त्यसैगरी तत्काल नै नेवाः एफ एमका लागि चाहिने संचार कर्मीहरु तयार गर्नका लागि एफ एमको तर्फवाट नै तालिम संचालन गर्ने समेत निर्णय गरेको छ।


नविन महर्जन

# एपीएफ क्षेत्र नं.१० च्याम्पियन बन्न सफल

"स्वास्थ्यको लागि खेलकुद राष्ट्रको लागि खेलकुद" को मूल नारा बोकी नेपाल सरकार युवा तथा खेलकुद मन्त्रालयको तत्वावधान तथा राष्ट्रि खेलकुद परिषदको संयोजकत्वमा जिल्ला खेलकुद विकास समिति काठमाडौं द्वारा गत माघ २५, २६ र २७ गते आयोजित अन्तर विद्यालय निर्वाचन क्षेत्र नं.१० क्षेत्र स्तरिय प्रतियोगितामा नेपाल एपीएफ स्कुल च्याम्पियन बन्न सफल भएको छ ।

यस प्रतियोगिता अन्तर्गत एथलेटिक्स र भलिबल खेल समावेश गरिएको थियो । एथलेक्सि अन्तर्गत १००मी, २००मी, ४०० मी, ८००मी, १५००मी, ५०००मी, ४ह१०० मी र ४ह ४००मी छात्र/छात्रा इभेन्ट्स र हेका थिए भने भलिबल छात्र/छात्रा समावेश रहेका थिए ।

जस अन्तर्गत समग्रमा नेपाल एपीएफ प्रथम, जनसेवा उच्च मा.वि. दोस्रो तथा ब्राइट होराइजन तेस्रो भएको थियो । नेपाल एपीएफले एथलेटिक्समा वर्चस्व कायम कायम गरेर प्रथम भएको देखिन्छ भने भलिबल छात्र तर्फ ब्राइट होराइजन प्रथम तथा छात्रा तर्फ की.मा.वि. स्कुल प्रथम भएको थियो ।

सम्पूर्ण प्रतियोगिता पछि आयोजक समिति सदस्य सचिव एवं मंगल उच्च मा.विका प्राचार्य तथा कीर्तिपुर खेलकुद विकास समाजका अध्यक्ष प्रदीप महर्जनको सभापतित्वमा पुरस्कार वितरण एवं समापन कार्यक्रम सम्पन्न गर ेको थियो जसको प्रमुख अतिथी सहायक जिल्ला शिक्षा अधिकारी नारायण काजी कासिछवा, विशेष अतिथी वरिष्ठ स्यारान धावक बैकुण्ठ मानन्धर, अन्य अतिथीहरुमा धावक एवं अर्थ मन्त्रालयका सचिव बुद्धवीर लामा, धावक धर्म महर्जन, एवं सहभागी स्कुलका प्रिन्सिपलहरु उपस्थित रहेका थिए ।

यस कार्यक्रममा अयोजक समितिका संयोजक एवं जिल्ला खेलकुद विकास समिति काठमाण्डौंका सदस्य सुरेश लामाले स्वागत मन्तव्य दिनु भएको थियो भने प्रमुख अतिथि, विशेष अतिथि एवं अतिथि बुद्ध वीर लामाले मन्तव्य दिनु भएको थियो । यस पुरस्कार वितरण कार्यक्रमको सञ्चालन कीर्तिपुर खेलकुद विकास समाजका महासचिव नवीन महर्जनले सञ्चालन गरेको थियो ।

यस प्रतियोगितामा प्रथम र द्वितिय हुन सफल काठमाण्डौं जिल्ला खेलकुदको निम्ति छनौट हुन सफल भएको छ । जुन आउँदो फागुण ७, ८ र ९ गते बुढानिलकण्ठमा हुनेछ । वास्तवमा विद्यार्थीहरुको निम्ती यो प्रतियोगिता निकै राम्रो छ तर शैक्षिक सत्रको अन्तमा, आर्थिक भारको कारण र उचित व्यवस्था हुन नसकेकोले यो प्रतियोगिता औपचारिकतामा सीमित हुँदै गएको छ । यसमा सहभागिता संख्या सन्तोषजनक र हेको छैन । आगामि दिनहरुमा यस पक्षमा अवश्य ध्यान पुऱ्याउनु पर्ने देखिन्छ ।

# विश्वकप क्रिकेट प्रारम्भ

फुटवल पछिको दोस्रो चर्चित क्रिकेटको विश्वकप गत फागुण २ गते शनिवारदेखि प्रारम्भ भएको छ । पहिलो खेल मेलवर्नमा अस्ट्रेलिया र इग्ल्याण्ड बीच भएको थियो भने क्राइस्ट चर्चमा न्युजिल्याण्ड र श्रीलंका बीच सम्पन्न भएको थियो । उक्त सुरुवाती खेलमा आयोजक अस्ट्रेलियाले ईंग्ल्याण्डलाई १११ रनले पराजित गरेको छ भने अर्को खेलमा न्युजिल्याण्डले पनि श्रीलंकालाई ९८ र नले हराई प्रभावशाली जित दर्ज गरेका छन । यस विश्वकपमा सहभागी टिमहरुको चीरफार गर्ने हो भने सबभन्दा बलियो टिमको रुपमा अस्ट्रेलिया र हेको छ । चार पटक विश्वकप जितिसकेको यस टिमले विश्वकपका ७६ खेल मध्ये ५५ मा विजय हात पारेको टिम हो ।

दक्षिण अफ्रिका यस विश्वकपका अर्को दावेदार टिम हो । यस टिमले अहिले निकै राम्रो प्रदर्शन गरेको छ । त्यसैगरी न्युजिल्याण्ड पनि निकै शसक्त टिम हो । विश्वकपमा ६ पटक सेमिफाइनल पुग्न सफल टिम यो अहिलेसम्म फाइनल यात्रा तय गर्न सकेको छैन । श्रीलंकाले सन् १९९६ मा सहआयोजक रही विश्वकप च्याम्पियन भएको टिम हो । त्यसैगरी ईग्ल्याण्ड विश्वकपको सन १९७९, १९८७ र १९९२ को फाइनलमा तीन पटकसम्म हानै एक्लो राष्ट्र हो । वेस्ट इन्डिज विश्वकपको पहिलो दुई संस्करण १९७५ र १९७९ मा विजेता बनेको टिम हो । तर सन १९८३ मा भारतसँग फाइनलमा पराजित भएको टिम हो । त्यसैगरी भारत सन १९८३ र २०११ मा गरी दुई पटक विश्वकप जितेको टिम हो । त्यसैगरी पाकिस्तान अर्को सन्तुलित टिम हो । पाकिस्तान सन् १९९२ मा इमरान खानको कप्तानीमा विजयी भएको थियो । त्यसैगरी यस विश्वकपमा अफगानिस्तान, बंगलादेश, आयरल्याण्ड, यू.ए.ई र जिम्बाबेले पनि सहभागित जनाई राखेको छ । यी टिमहरुले पनि अवश्य पनि आफ्नो प्रभाव छोड्न सफल रहने छ । विश्वकप क्रिकेट नेपाल जस्तो राष्ट्लाई अफ्न पनि सपनाको खेल भैरहेको छ तर टेलिभिजन मार्फत प्रत्यक्ष प्रशारण हेरेर धेरै सिक्ने अवसरको रुपमा लिन सकिन्छ । हुनत नेपालले केही आधारहरु तयार गर्न सफल भैसकेको छ । अहिलेदेखि दिर्घकालिन योजना बनाउँदै गएमा सपना पनि विपनामा बदलिन बेर लाग्दैन तर मेहनत लगनशीलताको निकै खाचो छ ।

विश्वकप क्रिकेट हालसम्मको आँकडा

| वर्ष | विजेता | उपविजेता |
|---|---|---|
| सन् १९७५ | वेष्टइण्डिज | अस्ट्रेलिया |
| सन् १९७९ | वेष्टइण्डिज | ईग्ल्याण्ड |
| सन् १९८३ | भारत | वेष्टइण्डिज |
| सन् १९८७ | अष्ट्रेलिया | ईंग्ल्याण्ड |
| सन् १९९२ | पाकिस्तान | ईंग्ल्याण्ड |
| सन् १९९६ | श्रीलंका | अष्ट्रेलिया |
| सन् १९९९ | अष्ट्रेलिया | पाकिस्तान |
| सन् २००३ | अष्ट्रेलिया | भारत |
| सन् २००७ | अष्ट्रेलिया | श्रीलंका |
| सन् २०११ | भारत | श्रीलंका |

# अस्ट्रेलिया पढ्न जान कीर्तिपुरमै कन्सलटेन्सी खुल्यो




आजकल उच्च शिक्षा हासिल गर्न विभिन्न देशहरुमा पढ्न जाने चलन बढ्दै गइरहेको छ । कुन देशमा कुन विश्वविद्यालय वा कलेजहरुमा पढ्ने भन्ने बारे जानकारी हासिल गर्न विद्यार्थीहरु विभिन्न कन्सल्टेन्सीमा सरसल्लाह गर्न जाने गरिरहेका छन । कुनै कुनै कन्सल्टेन्सीको झुठो आश्वासनमा लागेर धोका खाएकाहरु पनि नभएको होइन । कीर्तिपुरकै स्थानीयवासीले अस्ट्रेलियामा पढ्न जान चाहनेहरुको लागि सहयोग गर्न कीर्तिपुरको नयाँबजारमा ल्भउब ब्गककष्भ क्ष्लतभचलबतष्यलबी ब्म्गअबतष्यलबी ऋयलकगतिबलअथ खोलेको छ ।

जसको अस्ट्रेलियाको २०० भन्दा बढी कलेजहरुसँग सम्बन्ध रहेको छ । उक्त कन्सल्टेन्सीले म्ङकिब, द्यबअजभयिच, :बकतभच म्बनचभभ पढने व्यवस्थाको सर सल्लाह दिने छ ।

नचिनेका मानिसहरुको प्रलोभनमा परेर विदेश गइ ढोका पाएका थुप्रै उदाहरणहरु भेटिन्छ । यो नेपाः अस इन्टरनेशनल इजुकेशन कन्सलटेन्सी कीर्तिपुर कै स्थानीयवासीहरुद्वारा सञ्चालित भएको हुँदा भोलि केही अप्ठ्यारो परेमा तुरुनत सम्पर्क राखी समस्या समाधान गर्न सकिने छ ।






# न्युरो सेन्टर पाँगा द्वारा निःशुल्क स्वास्थ्य शिविर




कीर्तिपुरको पाँगा ढोकासी स्थित कीर्तिपुर न्युरो सेन्टर एण्ड क्लिनिक र पा ँगा सुन्दरबजार स्थित सुनिमा कृषि सहकारीको संयुक्त आयोजनामा गत फागुण २ गते निःशुल्क स्वस्थ्य शिविर आयोजना गरियो । पाँगा ढोकासीस्थित नवज्योति प्राथमिक विद्यालयको प्रांगणमा भएको निशुल्क स्वास्थ्य शिविरमा विभिन्न विषयका विशेषज्ञ डाक्टरहरुद्वारा न्युरो सर्जरी (नशा रोग) सामान्य चिकित्सा (जनरल चेकअप) मृगौला रोग (किड्नी रोग) बाल रोग (पेडियात्रिक्स) र स्त्री रोग तथा प्रजनन् स्वास्थ्य (गाईनेकोलोजी) सम्बन्धी रोगहरुको निःशुल्क स्वास्थ्य परीक्षण र औषधी वितरण गरि एको थियो । न्युरो सेन्टरका अनिल महर्जनका अनुसार न्युरो सर्जरीमा ९५ जना, जनरल मेडिसिनमा ३८ जना, स्त्री रोगमा २२ जना, मृगौला रोगमा १० जना र बाल रोगमा ३ जनाले स्वास्थ्य परीक्षण गराएको थियो । सोही अवसरमा रक्तदानको कार्यक्रम पनि गरिएको थियो । जसमा ३२ जनाले रक्तदान गर्नु भएको थियो ।

# आस्था स्टोरको उपहार योजना नतिजा प्रकाशित

कीर्तिपुर नया□बजार पा□गा दोबाटोस्थित आस्था बचत तथा ऋण सहकारी संस्था लिमिटेडद्वारा संचालित आस्था स्टोरले आस्था उपहार योजना २०७१ को बिजेताहरुको नामावली प्रकाशन गरेको छ । गत दशैं र तिहारमा सामान खरिद गर्नेहरुलाई कुपन दिइएको थियो । गत माघ १५ गते सो कुपन अनुसार लक्की ड्रबाट छानिएकाहरुको कुपन नं. र नाम यस प्रकार रहेका छन ।

प्रथम पुरस्कार २२ इन्चको एलईडि टि भी कुपन नं.०३१९ नमिता महर्जन, दोस्रो पुरस्कार वाटर फिल्टर कुपन नं. ०३२६ कमल कुमार थापा, तेस्रो पुरस्कार मिक्सर ग्राइण्डर कुपन नं.००८७ सुन्दर मग्राति रहेका छन । सान्त्वना पुरस्कार विजेताहरुको यस प्रकार रहेका छन : ०२३८ बिजयी कसुला, ००२९ विष्णुनानी, ०४०६ दिलेश्वर, ००६० कुलवहादुर, ०११८ पल्पसा, ००७५ लुनिभा ०४४५ विनय श्रेष्ठ, ०२९४ शम्भुराम, ०१२६ रुसा महर्जन, ०००८ हरबहादुर महर्जन

# सिमभ्कवाः हिति क्षेत्रमा प्लटिङ कार्य ठप्प
## पानी संकलनको लागि जग्गाको खोजी

**कीर्तिपुर सन्देश साप्ताहिक**

कीर्तिपुर क्षेत्रमा हालै चर्चा र सबैको चासो भएको खानेपानीको मुहान सिमभ्कवाः हिति क्षेत्रमा केहि महिना अगाडीदेखि प्लटिङ गर्दै आइरहेको कार्य ठप्प भएको छ।

कीर्तिपुर नगरपालिकाले कुनै पनि निकायको स्वीकृतिविना नै सो क्षेत्रमा प्लटिङ गर्दै आइरहेको विषयलाई लिई केहि दिन अघिमात्रै सरोकारवालालाई पत्रचार गरि उक्त कार्य तत्काल रोक्न र नगरपालिकामा उपस्थित हुन निर्देशन दिएको थियो। सो पत्र पछि जग्गाधनी विनोद तामाङ हाल सम्म पनि उपस्थित नभएको र प्लटिङ कार्य भने रोकिएको अवस्था छ। यसै वीच सिमभ्कवाः हिति क्षेत्रको खानेपानी दैनिक १० लाख लिटर खेर गैरहेको सन्दर्भमा केयुकेएलवाट कीर्तिपुर शाखालाई तत्काल तीनवटा इनार बनाई पानी संकलन गर्न निर्देशन दिइसकेका कारण त्यसका लागि जग्गाको समेत खोजीमा लागिरहेको छ।

कीर्तिपुर शाखावाट कीर्तिपुर नगरपालिकामा सो विषयमा पत्राचार भइसकेको छ भने नगरपालिकावाट पनि नापी कार्यालयमा पत्राचार गर्ने तयारी भइरहेको थाहा भएको छ। यदि सिमभ्कवाः हिति क्षेत्रमा खानेपानी संकलनका लागि जग्गा प्राप्त भएमा दुई तिन महिना भित्रमा नै इनार तयार पारी इलेक्ट्रिसिटी जडान गरि संकलित पानी मुहानमा पठाई मुहानवाट कीर्तिपुर क्षेत्रमा पानीको व्यवस्थापन हुने अनुमान गरिएको छ।

यदि यसो हुन सकेमा कीर्तिपुरमा तीन चार महिना पछि खानेपानीको समस्या धेरै मात्रामा समाधन हुने कुरा सिमभ्कवाःहिति खानेपानी मुहान उपभोक्ता समितिका संयोजक डा. चन्द्रमान बज्राचार्यले बताउनु भएको छ।

# नेपालभाषाको फिल्म भौमचाको विशेष शो हुने




कीर्तिपुर नगांस्थित संगीत प्रेमी फिल्म प्रोडक्सको पहिलो प्रस्तुती नेपालभाषाको फिल्म “भौमचा” यही आउने फागुण ७ र ९ गते राराहिल स्कुलको सभाहलमा विशेष शो हुने भएको छ। कीर्तिपुर क्षेत्रकै कलाकार, संगितकार, संवाद र कथा पटकथा रहेको यस फिल्मको पटकथा तथा सम्बाद राजेन्द्र कुमार पुता र चण्डेश्वर महर्जन, दृश्य सम्पादन प्रदिप खड्गी, निर्देशक ललेन्द्र शाक्य रहनु भएको छ।

कलाकारहरुमा प्रमुख भूमिका विश्वराज महर्जन, करिश्मा श्रेष्ठ, चन्देश्वर महर्जन, महेश्वरी महर्जन, बेखाराम महर्जन र भीमसेनदास महर्जन, बाल कलाकार कृतिका महर्जन रहेका छन। त्यस्तै संगित सन्तोष महर्जन, गीत चन्देश्वर महर्जन स्वर, सतीस महर्जन र रीता महर्जनको रहेका छन। फिल्म ९० मिनेटको रहेको बेखाराम महर्जनले जानकारी दिनु भएको छ।

BAGH BHAIRAB ACADEMY KIRTIPUR

**धमाधम कक्षा संचलन भइरहेको छ। चाँडै सम्पर्क राख्नुहोला। सबै समस्याहरू हल गर्नेछौं।**

- Tuition Classes (8,9,10,XI, XII, BBS B.A, B.ED., BSc, MBA,MBS, MA)
- कोरियन भाषा कक्षाहरू
- लोकसेवा आयोगका कक्षाहरू
- शिक्षक सेवा आयोगका कक्षाहरू
- कम्प्युटर सम्वन्धी कक्षा तथा तालिमहरू
- अंग्रेजी भाषा कक्षाहरू

**BAGH BHAIRAB ACADEMY KIRTIPUR**
**(Behind Ace Bank & Everest Bank)**
**Ph.: 01-4334008, 9851142272**

**छैठौं साधारण सभाको सूचना**

Astha

यस आस्था बचत तथा ऋण सहकारी संस्था लि.को मिति २०७१ फागुण २ गते शनिवार बसेको कार्य समिति बैठकको निर्णय अनुसार छैठौं वार्षिक साधारण सभा निम्न मिति, स्थान र समयमा हुने भएकोले उपस्थितिको लागि सम्पूर्ण शेयर धनी सदस्यहरुलाई सूचित गरिएको छ।

मितिः २०७१/११/२३ शनिवार
समयः बिहान १० बजे
स्थान : कार्य विनायक

नोट : कार्यक्रमस्थलमा जान आउन बसको व्यवस्था भएकोले बिहान ७ बजेभित्र आस्था स्टोर नया□बजार, कीर्तिपुरमा आइपुग्नु हुन अनुरोध गरिन्छ।

**गुणस्तरीय निर्माण सामग्रीगरू सुपथ मुल्यमा**

हाम्रा सेवाहरु
- डन्डी
- बाँस
- ईट्टा
- रोडा
- बालुवा
- सिमेन्ट

सम्पर्क :
**बालकुमारी सप्लायर्स**
पागा, हनुमानघाट

प्रोप्राइटर **सुरेन्द्र महर्जन**
फोन : ९८४३९३४५३३, ९८०३५२३७५७, ४३३५४७६

**उपभोक्ता बचत बजार प्रतिक्षा गर्नुहोस्**

**विस्तृत जानकारीको लागि**

**बाघभैरव इलेक्ट्रिक हाउस, कीर्तिपुर**

पाँगा दोवाटो, कीर्तिपुर सपिङ कम्पलेक्स
9851178574÷9803822153

# स्वर्गिय शुकराम दाइया स्वस्थानी बाखं

*नेपालभाषाया नाटक साहित्य, संगित ख्यः व थीथी समाजिक सेवाय् मन ब्वसायका समाज सेवा याना २०६२ साल मंसिर महिनाय् ८० दँय् दिवंगत जुयादीम्ह पाँगा भुजिन्द त्वाःया शुकराम महर्जनं थीथी सफूत ब्वनाः नेवाःतसें थुइक माँभाय् नेपालभाषां च्वयादीगु माघ लच्छि बाखं कनीगु श्री स्वस्थानी बाखंया सफूया छुं छुं ब्वः थन न्ह्यब्वय् त्यनागु जुल। थुकी छुं भिंके माःसा सुभाव बियादिइत इनाप यानाच्वना (संपादक)*



स्व. शुकराम महर्जन

**(वंगु वालय् श्रीस्वस्थानी परमेश्वरी व्रतकथाया भिखुगूगु अध्याय ब्वनादिल आः कथहं ब्वनादिसँ)**

कुमारं आज्ञाजुया बिज्यात- हे अगस्त्यमुनि ! अनं उप्रान्त श्री महादेव राजहंसया जुजु जुयाः मानसरोवर पुखुली अनेक हंस नाप जलक्रिडा यानाः आनन्दं च्वनाच्वंगु इलय् साक्षै वेगं वयाच्वंम्ह श्री विष्णुयात खनाः हंसरूप श्री महादेवं आज्ञाजुल- हे विष्णु ! छाय् थपायसकं वेगं वयाच्वनागु ? छितः छु खँय् आपति जुल ? धकाः करूणामूर्ति श्री महादेवं आज्ञाजूगु न्यनाः श्री विष्णुं हतासं गरूडया म्हं क्वाहांवयाः साष्टांग प्रणाम यानाः दुष्ट जालन्धर वयाः पार्वतीयात छल याः वःगु खँ वृतान्त कनाः आः हजुर कैलाशय् बिज्याउँ जि दुष्ट जालन्धरया कला वृन्दाया पतिव्रता धर्म भंग यानाः वये धकाः बिन्तियाःगु न्यनाः श्री महादेव राजहंस रूप त्वःता डिगम्बर रूप धारणा यानाः अत्यन्त क्रोध पिकया स्वंगः मिखा नं हयाउँक कनाः आज्ञा जुल ( हे विष्णु ! अथेजूसा जि कैलास वनाः माःगु ग्वसाः ग्वय् छि तुरुन्त वृन्दायाथाय् वनाः पतिव्रता धर्म नष्ट यानाः ब्यु अले व पापीष्ट जालन्धरयात प्राण मकासे त्वःतेमखु धकाः क्रोधपूर्ण जुइका विष्णुयात बिदा बिया अनं अन्तरध्यान जुयाः कैलाशय् पार्वती सुलाच्वंगु थासय् बिज्यात । जगदिश्वर श्री महादेव बिज्यागु खनाः पाउ भ्वःपुयाः प्रणाम यानाः मिखां ख्वबि वयकु वयकुं दुष्ट जालन्धर वयाः छल याःवःगु वृतान्त खँ कनाः बिज्यात । थ्व खँ न्यनाः श्री महादेवं आज्ञा जुल- हे पार्वती ! श्री विष्णु वहे जालन्धरया कला वृन्दाया सत्य भंग यायेत वनाच्वंगु दु विष्णु लिहां वलकि व दुष्टनाप युद्ध यानाः थुकिया बदला मकासे त्वःतेमखु धन्दा कायेमते धकाः अनेक किसिमं सान्त्वना बिया भवानी शंकर आनन्दपूर्वकं बिज्यात । अनंलि उखे श्री विष्णु जालन्धरया भेष कयाः अन्तपुरे वृन्दाया थासय् बिज्यात अले वृन्दाया थः स्वामी जालन्धर वःगु खनाः तुति सिलाः दुने कोथाय् ब्वनाः यंकाः बिन्तियात- हे स्वामी ! पार्वतीयात छल यायेत भाःगु छु जुल ? छल याये फुला ? पार्वती जि स्वयाः गुलितक बांलाः ? थुलि वृन्दाया वचन न्यनाः भेषधारी जालन्धरं आज्ञा जुल- हे वृन्दे ! पार्वतीयात छल यायेगु कठिन जुयाच्वन । छाय्धाःसा पार्वती च्वनाच्वंगु थासय् वने धकाः सरासर वनागु बखते लोखाय् च्वंपिं द्वारपालपिंसं तुरुन्त हे जितः म्हसीकल जि नं व द्वारपालपिनिगु अघोरमूर्ति खनाः त्रास जुयाः दुने मवंसे अनंनातुं फःहिला लिहां वयाः जालन्धर भेष विष्णुया खँ न्यंन्यं ग्याः पहः ख्वाः स्वयाः थ्व पक्का जिम्ह स्वामी मखु सुं जितः छलयाः वःम्ह खः धकाः ध्यानदृष्टि स्वबलय् विष्णु जालन्धर भेष कयाः छल याःवःगु खनी धकाः म्हसीकाः आः जि छुं युक्ति मयासें मजिल धकाः मनय् ल्वीकाः अले हाउभाउ चुपा नये थें पहः क्यनाः मुसुमुसुं न्हिलाः विष्णुयात थःगु बःसये कयाः धाल- हे स्वामी ! जि छगू खँ बिन्ति याये छि माने जुइला ? भेषधारी जालन्धरं आज्ञा जुल-वृन्दे ! माने जुइ छं न्ह्यागु धाःसां माने जुइ धकाः सत्य वाचायात अले वृन्दां औसर स्वया धाल- हे स्वामी ! मेगु खँ मखु जि मवतले छि थनं प्याहां भायेमते जिं छितः भोजन तयार यानाः ज्वनावये धकाः विष्णुयात कोथाय् कुनां थःमेगु हे छेँय् वनाच्वन । उखे कोथाय् दुने विष्णुया वृन्दा वइ धकाः स्वयाच्वन प्यन्हु दत च्यान्हु दत अयनं मवः अले विष्णुया मनय् लुइकल पक्का वृन्दां जितः म्हसिकाः उल्टा जितः छलेयात आः जिं छु यायेगु ? थथें प्याहां वने वाचा उल्लंघन जुइगु जुल, मवने उखे महादेवं छु जक धाल जुइ अनेक तर्क वितर्कयानाः चिन्ता कयाच्वन । उखे श्री महादेवया विष्णुवंगु तःन्हु मछिदत आःतकनं लिहां वःगु मखु थौतक छु यानाच्वंगु धकाः ध्यानदृष्टि विचार यानाः स्वःबले विष्णुयात कोथाय् कुनाः तःगु सिया- हे पार्वती ! वृन्दायात छल याः वंम्ह विष्णुयात उल्टा भन वृन्दां छले यानाः कोथाय् कुनाः तल । आः जि वनाः छुटकारा यानाः हयेमाल धकाः थःगु मायां भिखुदँ उमेर दुम्ह भिक्षुक छम्ह उत्पति यानाः आज्ञाजुल- हे भिक्षुक ! तुरुन्त छ वनाः अन्तपुरे जालन्धरया छेँय् कुनाःतःम्ह विष्णुयात फ्यना हयेमाल । थुलि श्री महादेवया आज्ञा न्यनाः भिक्षुक अनं अन्तर ध्यान जुयाः जालन्धरया छेँय् वनाः भिक्षा फ्वने धकाः हालाच्वन । वृन्दा भ्याः खना स्वःगु बखते अत्यन्त बांलाःम्ह योगी खनाः आहा व बांलाम्ह योगी थ्व ध्वयातला भिक्षा बिया छ्वयेमाः धकाः भिक्षा ज्वनाः – हे भिक्षुक ! छु फ्वनेगु मनसुवा यानाः भिक्षा फ्वं वयागु धकाः वृन्दाया वचन न्यनाः भिक्षुकं धाल– हे वृन्दे ! छुं चीज फ्वने धकाः वया बीगु जूसा फ्वने मबीगु जूसा छु फ्वने धकाः भिक्षुकया वचन न्यनाः वृन्दां धाल–हे भिक्षुक ! जिके दुगु जिं बियाज्यूगु यग्गु चीज फ्वँ उकी छुं हे फरक जुइमखु धकाः सत्य बाचायात अले भिक्षुकं धाल– जितः मेगु छुं म्वाः छिसं कोथाय् कुनाः तयाम्ह सु खः वहे छम्ह फ्वने बियादिसँ भिक्षुकया वचन न्यनाः वृन्दाया मनमनं खँल्हात आः छु यायेगु थ्व योगीं म्हंगसय् मखंगु फ्वनाः भ्कुकेयात, बियामछ्व थःगु वाचा उल्लंघन जुइगु जुल बियाछ्वे जि स्वामीयात छु क्यनेगु धकाः पलख घुरे जुयाः न्ह्यागु जूसां सत्य वाचाला उल्लंघन याये मत्यो धकाः मनं कोछिनाः कोथाय् वनाः भेषधारी विष्णुयात योगीया ल्हाती लःल्हानाः बिल । अले विष्णु ज्वनाः योगी सरासर श्री महादेवया न्ह्योने वृतान्त खँ बिन्तियात उखे भचा लंका योगी नं गन वं गन वं केवल विष्णु याकःचा जुया वृन्दां छलयाःगु खँ लुमनाः थःथःम्हं लाचारी जुयाः गरूडया म्हय्च्वना कैलाश पर्वतय् लिहांवल । श्री विष्णुया गरूडया शब्दया प्रभावं मुर्छाजुया च्वंम्ह जालन्धरया होस वयाः दनाः चाकःमाकलं स्वःगु बखतय् विष्णु कैलाश पाखे वनाच्वंगु खनाः पार्वतीयात छल यायेगु मफुखनी । आः थन च्वनाः छु याये छेँय् वने धकाः थःगु छेँय् लिहाँवन । थुखे श्री विष्णु कैलाश पर्वतय् थ्यंकाः श्री भवानी शंकर यात प्रणाम यानाः छसिलिनाच्वन । अले श्री महादेवं आज्ञाजुल– हे विष्णु ! वृन्दायात छलयावंगु थुलिमछि दत आःतले छु याना च्वनागु ? वृन्दाया सत्य भंग यायेफुला कि मफु ? धकाः प्रश्न यानाबिज्यात अले श्री विष्णुं बिन्तियात– हे इश्वर ! हजुर आज्ञा अनुसार वृन्दाया छेँय वना तर वृन्दाया जालय् लानाः प्यन्हु तक कोथाय् कुंकाः च्वना । अनंलिपा छम्ह जोगी नाप लिकाः छ्वया हल अनंलि सरासर चरणाविंदे हाजीर जूवया थुलि विष्णुया वचन न्यने धुंकाः श्री महादेवं तुरुन्त ब्रम्हा विष्णु इन्द्रादि तेतिसकोटि देवगण यक्ष गन्धर्व किन्नर नन्दी भृंगी भूतप्रेत प्रथमगण समेत फुक्क मुंकाः आज्ञा जुल– हे देवगण ! पापी जालन्धरनाप ल्वाः वनेत तयार जुइमाल धकाः सकलयात न्यंका नारदमुनि सःताः आज्ञा जुल– हे नारद ! छि जालन्धरया छेँय् वनाः वयात न्यंकाः ब्यु महादेव सहित सकल देवगण छ नाप युद्ध यायेत तयार जुया वयाच्वंगु दु । श्री महादेवया आज्ञा अनुसार नारदमुनि हवस धकाः प्रणाम यानाः बिदा जुया जालन्धरया छेँय् वन । उखे जालन्धर कैलाश पर्वतं लिहां वना थःगु छेँय् वन स्वामी जालन्धर वःगु खनाः वृन्दा लोखाय् वयाः तुति सिलाः दुने कोथाय् यनाः बिन्ति यात– हे स्वामी ! पार्वतीयात छल याः भाम्ह छु जुल ? पार्वती गुलितक बांला ? वृन्दाया प्रश्न न्यनाः जालन्धरं धाल– हे प्रिय ! जि थनं कैलाश पर्वतय् स्वयाः सरासर वना श्री महादेवया भेष कयाः वना जितः खनेवं पार्वती लुँयागु कमण्डलु ज्वनाः लोखाय् तक वःगु खनाः जव भच्चालिक्क थ्यनेवं जिला अचानक बेहोस जुयाः मुर्छा जुल । लिपा चेष्टा दयावल । दनां स्वयाबले पार्वती गनवन जिं मस्यू । अले निरास जुया लिहांवया । छं धाःगु पक्का खः बांलाःगुली धात्थें धायमाल धाःसा थ्व ब्रम्हाण्ड संसारय् पार्वती जो हिसिं जायाः बांलाःम्ह आःतक मदु न्हापानं दैमखु नत लिपाहे जन्म जुइला धैथें च्वं छाय्धाःसा सृष्टिकर्ता ब्रम्हा हे नं अकमके जुइ । थुलि स्वामीया वचन न्यनाः वृन्दां धाल– हे स्वमी ! जव छि थन कैलाश भाल विष्णु छिगु भेष कयाः जितः छल यायेत वल, तर जिगु सत्यया प्रभावं यानाः वयागु ख्वाः स्वस्वं हे तुरुन्त म्हसीका कोथाय् यंकाः तःन्हुमछि हे कुनाः तयागु खः । छन्हु अपुर्व नकतिनियाम्ह योगी वयाः जितः सत्य कराल याकाः विष्णु फ्वंगुलिं बियाछ्वया । स्त्री वृन्दाया वचन न्यन्यां जालन्धर अत्यन्त तं पिकया– हे वृन्दे ! अथेजूसा व पार्वतीयात छल मयाःसें त्वःतेमखु बरु छं होसियार पूर्वक छेँयागु बिचाः यानाच्वं धकाः छेँथासं पिहांवल । उगु हे इलय् श्री महादेवं छ्वया हःम्ह नारदमुनिं नापलानाः आज्ञा जुल– हे जालन्धर छ गन वनेत्यनागु ? धकाः न्यनाः बिज्यात । अले जालन्धरं गनं मखु भिक्षा फ्वं वनेत्यनागु धाल थ्व स्वयाः हानं नारदमुनिं आज्ञा जुल– हे जालन्धर ! जिनाप छं छाय् खँ खुयाः मखुगु खँ धया ? छ थनं वनेत्यंगु धकाः जिं मस्यूला ? पार्वतीयात छलया वनेत्यंगु खः आम म्वाः मदुगु मती तया जुइमते थ्वहे खँ कया उखे जगदिश्वर श्री महादेव सहीत सकल देवगण छनाप ल्वायेत तयार जुया वयाच्वंगु दु । केवल जिला थुलि खवर ब्यू धकाः वसपोलया आज्ञानुसार खवर जक ब्यू वयाम्ह । आः गुगु किसिमं छंगु प्राण रक्षा जुइगु खः वहे परिवन्ध याना माःगु सरसामान तयार यानाच्वं धकाः खबर बिया नारदमुनि लिहां वनाः श्री महादेव न्ह्योने जालन्धर नाप जूगु खँ वृतान्त इनापयात । नारदमुनिया वचन न्यनाः ब्रम्हा विष्णु स्मृति सकल देवगण सहीत जुया श्री महादेव युद्धभूमी प्रस्थान जुया बिज्यात । उखे जालन्धर नारदया आज्ञा न्यनाः वृन्दायात नारदया खवर वृतान्त खँ कनाः आः जि युद्ध याःवने छं छेँयागु हेर विचार यानाच्वं धकाः माःगु खँ धयाः युद्धभूमी वन । निखेँयापिं वीर वीर योद्धापिं युद्धया वाजं थाःगु तालय् थःथःगु वलया पुरुषार्थ क्यना तिं तिं न्हुया प्याखं ल्हुया लस्कर न्ह्यानाच्वन निखेया लस्कर ध्वःदुल अले महाअघोरं युद्ध जुल । जव ल्वापु शुरु जुल । थुखे देवगणपिंसं कोलाहल सलं विसलं विसलं हाला न्ह्योने वनाः थःगु शक्ति अनुसार अनेक सस्त्र अस्त्र प्रहारयात तर देवतापिंसं द्वोलंद्वो सस्त्र अस्त्र प्रहार यानाच्वन । जालन्धरया म्हय् थ्यंगु हे मखु न्ह्याक्व प्रयास याःसां म्हय् मथ्यूसे छखे लिनाः वनीगु थजःगु प्रकार प्रहार यानागु सस्त्र अस्त्र छुं ज्याख्यले मवंगुलिं ब्रम्हादि सकल देवगण केवल त्वले जुयाः अजुगति चायाः पक्क जुयाच्वन । अले वैकुण्ठनाथ श्री विष्णु अति क्रोधित जुया मिखा निगलं ह्याउँक कनाः पाञ्चजन्य शंख पुयाः कौमोदया गदा चाःहिकाः प्रहार यात व गदा नं विफल जुल । जालन्धरया म्हय् जुइगुला छु केवल थीहे नं मफु हानं देवराज इन्द्र न्ह्योने वनाः तमं वज्र प्रहारयात बज्रनं विफल जुल । देवगणं न्ह्यागुहे सस्त्र अस्त्र प्रयोग यासां वास्तवय् जालन्धरया म्हय् छुं घाः छकुचानं यायेफुगु मखु तृण समान हे मजूसे भन फूर्तिला ख्वाः यानाः केवल हरहरं न्हिलाः गिजेजक यानाच्वन । चोपिनि थःथःगु शस्त्र अस्त्र लगातारं त्वःता हे च्वनानं छुं सीप लगे मजुसेंलि श्री नारायणं बिचायात आः थुगु रितं मजिल धकाः श्री महादेवया न्ह्योने वनाः बिन्तियात– हे ईश्वर ! पापिष्ट जालन्धर स्यायेत जिमिगु सामर्थ मदु छपिं वाहेक थन म्हीगु लस्करेच्वंपिं स्वयां सामर्थ मदु । छायधाःसा जिमिसं न्ह्यागुहे शस्त्र अस्त्र प्रहार याःसां वास्तवय् व फुक्कं विफल जुइगु । अथेजूगुलि छपिं हे बिज्याय् माल धागु विष्णुया वचन न्यनाः श्री महादेवं उजं जुया बिज्यात– हे विष्णु ! जालन्धरया श्रीमती वृन्दायागु पतीव्रता धर्मया प्रभावं याना जालन्धरयात सुनानं स्याय् फैमखु । उकिं छि भाया जालन्धरया भेष कयाः अन्तरपुरय् वना छल यानाः वृन्दाया पतिव्रता धर्म नष्ट यानादिसँ अले जि वनाः जालंधरयात नास याये आज्ञा जुसेंलि विष्णुं हवस जिं थ्व ज्या पक्का पूवंकेगु जुल धकाः श्री महादेवयाके बिदा कयाः जालन्धरया भेष कयाः खःगु ल्हातिं त्रिशुल ज्वनाः जःगु ल्हातिं कांतादबा थानाः जालन्धरया छेँय् वन । भेषधारी जालंधर वःगु खनाः वृन्दा हतपतं तुति सिलाः कोथाय् यनाः यचुगु आसनय् तयाः बिन्तियात– हे स्वामी ! महादेव नाप ल्वाः भाःगु छु याना भाया ? भेषधारी जालन्धर श्री विष्णुं आज्ञा जुल– हे प्रिय ! महादेवनाप ल्वाल्वां साप हे त्यानुल अथेजूगुलिं त्यानुगु छकः लंकः वया भोग जागे जुल नयेगु छुं दुला ? न्ह्यागु जूसां ननिं नये थुलि स्वामीया वचन न्यना वृन्दाया हतासं चौरासी व्यञ्जन ताःलाका हया भोजन याकल । भ्वय्नय् धुंकाः चान्हय् जुसेंलि वृन्दानाप अने अनेगु न्ह्याइपुक खँ ल्हानाः वृन्दायागु पतिव्रता धर्म नष्ट यानाबिल । जव चा वना न्हिनेसिया सूर्य लुयावल जालंधरया भेष त्वता प्याकाल्हाती नं शंख चक्र, गडा ,पद्म ज्वना नारायणया रूप दर्शन बिल । अले वृन्दा भसंक वनाः मिखा हयाउँक कनाः भयंकर क्रोधाग्नि ख्वाः तयाः– हे पापिष्ट विष्णु ! छ कपटी बेमानी जुयाः जिगु पतिव्रता धर्म भंग यानाबिल खबरदार छन्त जिम्ह स्वामी थन वयेके ब्यु थजःगु किसिमं जथाभावी म्हुतु ल्हानाच्वंगु न्यनाः श्री विष्णुं आज्ञा जुल– हे वृन्दे ! छं भात जालन्धरयात श्री महादेवं म्हिगः हे मृत्युलोकय् छ्वयाः बी धुंकल आः छ वैकुण्ठया अधिपति जुयाः च्वनाम्ह जि थेंजाःम्ह स्वामी लाय् धुसेंलि मेगु छन्त छु खँय् फिक्रि माल ? छ पत्या मजूसा थुकिया नतिजा आः भच्चा लंकाः समाचार वै धकाः नानां तरह नं वृन्दायात न्वानाच्वन । थुखे श्री महादेव विष्णुयात बिदा बियाः जालन्धरनाप ल्वानाच्वन । वृन्दाया पतिव्रता धर्म विष्णुं नष्ट याये धुंकूगुलिं जालन्धर वलहीन जुयाः महादेवनाप ल्वायेगु सामर्थ मदयाः च्वय् आकासय् वनाः माया युद्ध याः वन श्री महादेव नं आकासय् वनाः युद्ध याना बिज्यात । जालन्धर बलहीन जुयावःगु खना आः धाःसा विष्णुं वृन्दायागु पतिव्रताधर्म भंग याःगु पक्का खत धकाः निश्चित यानाः अले थःगु ल्हातीच्वंगु काल स्वरुप त्रिशुल *ल्यं ७ पेजय्...*

# मञ्जुश्री प्रतिमा निर्माण गर्न आर्थिक सहयोग गर्नेहरुको विवरण



जलविनायक सामुदायिक वन उपभोक्ता समूहको आयोजनामा गत माघ २४ गते शनिवार विहान समूहका अध्यक्ष ईन्द्र वहादुर महर्जनको अध्यक्षतामा मञ्जुश्री प्रतिमा निर्माण सम्वन्धमा हाल सम्मको प्रगति विवरण सार्वजनिक कार्यक्रम तथा आर्थिक सहयोग संकलन कार्यक्रम समूहको कार्यक्षेत्र, की.न.पा वडा नं. १४, ऐतिहासिक गल्छी परिसर, प्रतिमा निर्माणस्थल चोभारमा सम्पन्न भयो । कार्यक्रममा प्रतिमा निर्माण समितिका संयोजक एवं समूहका कोषाध्यक्ष सुजिन्द्र महर्जनले प्रगति विवरण सार्वजनिक गर्नुभयो।

उक्त दिनको कार्यक्रमौ प्राप्त सहयोगको विवरण :

| सि.नं. | नाम थर, ठेगाना | सहयोग रकम |
|---|---|---|
| १ | चन्द्र बानिया, कीर्तिपुर–१२ | १,१०५/ |
| २ | कन्हैया कुंवर, कीर्तिपुर-१४ | १०,००५/ |
| ३ | अम्कन कर्माचार्य ऐ.ऐ. | ११,०५८/ |
| ४ | दीपक महर्जन ऐ.ऐ. | १२,५००/ |
| ५ | ईन्द्र बहादुर महर्जन ऐ.ऐ. | १५,१०१/ |
| ६ | धर्मलाल प्रधान ऐ.ऐ. | १०,१०१/ |
| ७ | नारायण महर्जन ऐ.ऐ. | १००५/ |
| ८ | दिनेश महर्जन ऐ.ऐ. | १०,०५०/ |
| ९ | साजन महर्जन ऐ.ऐ. | १०,५५०/ |
| १० | सानुकाजी महर्जन ऐ.ऐ. | ११,१११/ |
| ११ | श्याम महर्जन ऐ.ऐ. | १०,५०५/ |
| १२ | ईन्द्रलाल महर्जन ऐ.ऐ. | १०,१०५/ |
| १३ | ज्ञानवाहादुर महर्जन ऐ.ऐ. | १,००५/ |
| १४ | संगीता महत ऐ.ऐ. | १०,०००/ |
| १५ | सुवर्णा मग्रान्ती ऐ.ऐ. | १०,५०५/ |
| १६ | सविना श्रेष्ठ ऐ.ऐ. | २,०००/ |
| १७ | शुभलक्ष्मी शाक्य, सुनीता ऐ.ऐ. | १०,५०५/ |
| १८ | शुभद्रा महर्जन ऐ.ऐ. | ५००५/ |
| १९ | पञ्चलाल महर्जन ऐ.ऐ. | १५,५५५/ |
| २० | नन्दलाल महर्जन ऐ.ऐ. | १०,००५/ |
| २१ | कृष्णवहादुर थापा मगर ऐ.ऐ. | १०,०१०/ |
| २२ | राजेन्द्र मग्रान्ती ऐ.ऐ. | १५,१०५/ |
| २३ | मिलन खड्का ऐ.ऐ. | १३,५०१/ |
| २४ | सुजिन्द्र महर्जन ऐ.ऐ. | १५,५५५/ |
| २५ | भरत, पुनम, रीम निरौला ऐ.ऐ. | १३,३३३/ |
| २६ | अनील नेपाली, महाराजगञ्ज ऐ.ऐ. | १००/ |
| | जम्मा | रु.२४५,३७६/ |

उठेको थियो । सहयोग गर्न चाहनुहुने महानुभावले निर्माण समितिमा वा जलविनायक सामुदायिक बन उपभोक्ता समूहको कृषि विकास बैंक कीर्तिपुर शाखामा रहेको चल्ति हिसाव नं ०२-१११-०००४७४२३-०१-६ मा दाखिला गरी सहयोग गर्न समेत अनुरोध गरिएको छ ।

# शीघ्रपतन सम्बन्धि एक जानकारी



–/fh]Gb| cdf To

शीघ्रपतन पुरुषलाई हुने सबैभन्दा प्रचलित यौन दुर्बलता हो । यौन विशेषज्ञहरुको मत अनुसार धेरैजसो पुरुषहरु दुई मिनेटभित्र नै स्खलित हुन्छन् । यस्ता पुरुष पनि हुन्छन् जो योनिमा लिङ्ग प्रवेश हुनु अगि वा प्रवेश हुने बित्तिकै स्खलित हुन्छन् । संक्षेपमा शीघ्रपतनको अर्थ इच्छित समय पूर्व नै चर मसुखको अवस्थामा पुग्नु हो । यसलाई शीघ्र अरग्याज्म वा पुरुषको कामोत्तेजको इच्छा र सन्तुष्टिको दूरी ९न्बउ० पनि भन्न सकिन्छ । दुई मिनेटदेखि तीन मिनेटसम्म सम्भोग गरेपनि कुनै पुरुषको वीर्यपात हुन्छ भने त्यस्तो स्थितिलाई शीघ्रपतन भएको भन्ने सकिंदैन । लिङ्ग उत्तेजनामा आउनासाथ तुरुन्तै वीर्य स्खलित हुनु वा साधारण घर्षण हुँदैमा वीर्य स्खलित भएर जानुलाई नै शीघ्रपतन भएकोम ानिन्छ । यस्तो व्यक्तिहरुले स्त्रीको नग्न शरीर देख्ने बित्तिकै वा स्त्रीलाई स्पर्श गर्ने बित्तिकै वीर्य स्खलित हुने गर्दछ। आत्म विश्वास नभएका व्यक्तिहरुलाई यस्तो समस्या हुने गर्दछ ।

शीघ्रपतन शारीरिक रोग नभई मानसिक रोग भन्ने गर्दछ । वीर्य स्खलित हुन कम्तिमा ५-१० मिनेट भएपुग्छ । यसभन्दा छिटा स्खलित भएमा पुरुषहरु शीघ्रपतन रोग लागेको छ भनेर चिन्तित हुन थाल्छन् । शीघ्रपतनको सन्दर्भमा पुरुष सदैव स्त्रीभन्दा छिट्टै स्खलित हुन्छ र स्त्री मन्दगामी हुन्छिन भन्ने कुराको ख्याल राख्नुपर्छ।

शीघ्रपतन हुनाको मुख्य कारणहरु बारे केही कुरा :

शीघ्रपतन हुनाका कारणहरुको चर्चा गर्नुभन्दा पहिले अनुत्तेजित अवस्थादेखि स्खलनसम्म पुरुषको शरीरमा के-के हुन्छ भन्ने बारेमा साधारण जानकारी हुनु पर्छ। यसलाई चिकित्सा भाषाबाट ह्यूमन सेक्सअल रिस्पौंन्स भनिन्छ । मानौं कुनै अनुत्तेजित व्यक्तिले कुनै नग्न स्त्रीलाई देख्दछ। उक्त पुरुषको शरीरमा विस्तारै उत्तेजनाको लहर उठ्छ र विस्तारै बढ्दै जान्छ। यसलाई उत्तेजनाको अवस्था भनिन्छ । घर्षण बढ्दै गएपछि उत्तेजना पनि बढ्दै जान्छ र फेरि केही क्षणको लागि उत्तेजना नबढी त्यहीं रहन्छ। यस अवस्थालाई प्लैटो फेज भन्दछ। यो ह्यूमन सेक्सअल रिस्पौन्सको दोस्रो अवस्था हो घर्षण अझ बढ्दै जान थालेमा पुरुष ...

क्रमश ....

# स्वर्गिय शुकराम दाइया स्वस्थानी बाखं

६ पेजया ल्यं

लिकयाः महाभयंकर क्रोधाग्नि स्वरूपजुया दुष्ट जालन्धरया नुगःपा ताकेयाना प्रहारयात। श्री महादेवया काल स्वरूप त्रिशुलया चमत्कार मिच्याथें च्याच्यां थःपाखे स्वयाःवःगु खनाः जालन्धरयाके व त्रिशुलयात पनेगु छुं साहस मदयावन । लिपा त्रिशुलया वेदना नुगपाय् जुसेंलि जालन्धरया मृत्यु जुयाः अन्तरपुरय् चुक दथुइ भयानक सः वय्क बज्रे जूवन। वृन्दाया छु सः वल धकाः काचाकाचां स्वःवंगु बखते थः स्वामी जालन्धरया मृत शरीर खनाः अनेक तरहं बिलाप यानाच्वन । हे स्वामी ! थजःगु अवस्थाय् जि याकःचा त्वता छि गन झाया ? व पापी विष्णुया छलकपटया प्रभावं थौं छितः थ्व गति जुल छि बिना जिगु थ्व प्राण छु यानाः तयेगु छि गन झाया जित नं अनहे यंकादिसँ धकाः सँ फंफं तयाः मिखा निगलं नं जाय्क ख्वबि वयेका नानां तरहं विलाप यायां विष्णुया ख्वाः स्वयाः धाल– हे दुराचारी पापी विष्णु ! छ कपटी जुयाः छलयाना जिगु पतिव्रता धर्म नष्ट यानाः ब्यूगुलिं थौं स्वामीया थुगु अवस्था जुल आः थुकिया पलेसा छंत सराः बी भुजाय् जुइमालेमा, घाँय् जुइमालेमा, सिमा जुइ मालेमा, ल्वहं जुइमालेमा थ्व प्यता श्राप छन्त धकाः सराः बिया थः स्वामी जालन्धरनाप सतीवनाः वृन्दां प्राण त्वःतल। हे अगस्त्यमुनि ! पतिव्रतां सराः ब्यूगु जुयाः विष्णुयात व सराः लगेजुल। उकिं भुजाय् जुयाः च्वने मालेमाः धाःगुलिं तुल्सि जुइमाल। घाँय्जुइमा धाःगुलिं कुश जुइमाल सिमा जुइ मालेमा धाःगुलिं वलगः सिमा जुइमाल। ल्वहँ जुया च्वनेमा धाःगुलिं शालिग्राम जुइमाल । थथे जूगुलिं तुल्सि, कुश, वलगः सिमा, शालिग्राम नारायण खः धकाः सकल प्राणीपिंसं आःतक नं पूजा यानाच्वंगु खः। धर्म मध्ये पतिव्रता धर्म उच्च धर्म खः उकिं थ्व धर्मयागु महिमा वर्णन यानाः साध्य मजू। अनं लिपा श्री विष्णुं वृन्दाया श्राप स्वीकार यानाः अनं श्री महादेवया थासय् वनाः वसपोलया न्ह्योने वृतान्त खँ कनाः आः वृन्दाया श्राप मोक्ष याःवने धकाः बिदा कयाः तुल्सि, कुश, वलगः सिमा, शालिग्राम जुयाच्वन। विष्णु वने धुंका श्री महादेव द्वहँया म्हय् सवारी जुया ब्रम्हादि देवगण सकल न्ह्योने ल्यूने तयाः नानां किसिमं हर्षया बाजं थानाः अप्सरा प्याखँ ल्हुयाः गन्धर्वगणं मे हाय्काः रंगी विरंगीया स्वां वा गाय्का सिन्हः जात्रा याना कैलाश बिज्यानाः प्रथम गण सहित जुयाः शिवशक्ति स्वरूप जुया आनन्दं बिज्यात। अले सकल देवगणपिं श्री महादेवयाके बिदा कयाः थःथःगु लोकय् वनाः परमआनन्दं हनाच्वन।

**इति श्री स्कण्ड पुराण्य कुमारखण्डे माघमहात्मे कुमारअगस्त्य सम्वादे श्री स्वस्थानी परमेश्वरी व्रत कथा जालन्धर वध नाम झिंन्हयगू अध्याय ॥१७॥**

# हार्दिक समवेदना



जन्म वि.सं. २०००/०५/१२

स्वर्गारोहण वि.सं. २०७१/१०/१५

**स्व. धनकृष्ण महर्जन**

सेतो गुरा□स बालविकास केन्द्र व्यवस्थापन समितिका अध्यक्ष एविवा युवा क्लबका संस्थापक सचिव, पा□गा शिक्षा केन्द्र (भ्क्ऋ)का पूर्व अध्यक्ष नेकपा (एमाले)का पूर्व जिल्ला कमिटीका सदस्य, सल्लाहकार कमिटीका सभापति कीर्तिपुर नगरपालिका वडा नं. १० का पूर्व अध्यक्ष, वातावरण संरक्षण समाजका प्रवन्धक/सदस्य कीनपा वडा नं.१० का मित्र श्री सरब कुमार महर्जनको बुबा तथा श्रीमती चन्द्रमाया महर्जनका ससुरा बुबा **धनकृष्ण महर्जन**को २०७१ माघ १५ गते आकस्मिक असामायीक निधन भएकोले दिवंगत आत्माको चीर शान्तिको कामना गर्दै शोक सम्तप्त परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गर्दछौं

हितैषी मित्रहरु

कीर्तिपुर, पांगा




श्री श्री

# Opening soon
# Opening soon
# Opening soon

# श्री सहकार्य हार्डवयेर हाउस

कहाँ ?

**विद्युत प्राधिकरण अगाडी**

**वाहिरिगाउ, कीर्तिपुर-१७**

**४३३५५५९१,९८४१-८८४४८३**

**९८४१-४०३१७१, ९८४३-५२१२७७**

**९८४१-४८५३६४**

**हाम्रा सेवाहरु:**

Mangalam Group
सर्वे भवन्तु सुखिनः

asianpaints

Mangalam
FLOWLIFE
CPVC
PIPES & FITTINGS
A Joint Venture with SFMC India.




Painting and all kind of Hardware and furniture Accessoceries